"पाँचखाल नगर-कृषि शहर"
"Panchkhal Municipal Agriculture City"
# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
(Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagmati Province, Nepal)
Phone: 011-499451
Fax: 011-499267

प.सं.(*Ref.*): ०८०।८१
च.नं.(*Ch.No.*): २२४६

मिति: २०८०/१०/०७
ने.सं.- ११४४ पोहेलाथ्व, ११ आइतबार

श्री सहकारी संस्थाहरु सबै,
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक।

विषय: आवश्यक कार्यार्थ।

प्रस्तुत विषयमा सहकारी क्षेत्रमा पछिल्लो समय देखा परेको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले दिएको सुझाव समेतको आधार तथा यस नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५२ को (१) उपदफा बमोजिम सहकारी संस्थाहरुको प्रबर्द्धन, विकास र संस्थागत सुशासन कायम गर्नको लागि तहाँ सहकारी संस्थाहरुमा देहाय बमोजिम कार्य गर्नु गराउनहुन अनुरोध छ।

<u>देहाय:</u>

१. सबै सहकारी संस्थाहरुले २०८० माघ मसान्त-भित्र यसै साथ संलग्न फाराम बमोजिम श्वेतपत्र जारी गर्ने। उक्त विवरणहरु यस नगरपालिकाको कृषि तथा सहकारी शाखामा समेत पेस गर्ने।
२. बचत फिर्ता गर्न समस्या परेका सहकारी संस्थाहरुले आगामी चैत्र मसान्त-भित्र शेयर सदस्यको माग बमोजिम सबै बचत रकम फिर्ता गर्ने गरी बचत कार्ययोजना बनाई यस नगरपालिकाको कृषि तथा सहकारी शाखामा पेस गर्ने।
३. सहकारी संस्थाको सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिका सदस्यहरु साथै व्यवस्थापकको रुपमा रहेका व्यक्तिहरुको सम्पत्ति विवरण यसै-साथ संलग्न फाराम बमोजिम प्रमाण-कागज (जस्तै: जग्गाधनी प्रमाण-पुर्जाको प्रमाणित प्रतिलिपि) सहित यही माघ मसान्त-भित्र खामबन्दी रुपमा यस नगरपालिकाको कृषि तथा सहकारी शाखामा पेस गर्ने।
४. सहकारी संस्थाको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका सबै सदस्यहरु साथै व्यवस्थापकले संस्थाबाट लिएको ऋणको विवरण, सबैको तिनपुस्ते विवरण, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि तथा संस्थाको नाममा रहेका घर, जग्गाको प्रमाणित कागजात सहितको विवरण नगरपालिकाको कृषि तथा सहकारी शाखामा पेस गर्ने।
५. सबै सहकारी संस्थाहरुले अनिवार्य रुपमा कोपोमिसमा विवरणहरु प्रविष्ट गर्ने।
६. कानून बमोजिम पेस गर्नुपर्ने अन्य विवरणहरु पेस गर्ने, (साधारण सभाको बैठकको निर्णयको प्रमाणित प्रतिलिपि, आ.ब. २०७९/८० को कर चुक्ताको प्रतिलिपि, आ.ब. २०७९/८० को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि)।

(सूर्य प्रसाद गौतम)
प्रमुख प्रशासकीय अधिकृत